# नेपालको संविधानमा संवैधानिक ईजलास



**पदमप्रसाद जैसी** ✍

**परिचयः-**

नेपालको संविधानमा विगतका संविधानहरु भन्दा भिन्न न्यायपालिका भित्र एक अलग्गै संबैधानिक ईजलासको व्यवस्था गरिएको छ । विश्वका कतिपय देशहरुमा संविधानको व्याख्याका लागि स्वतन्त्र संबैधानिक अदालतको व्यवस्था गरिएका हुन्छ । तर संविधान सभाले पारित गरेको नेपालका वर्तमान संविधानले परिकल्पना गरेको एकात्मक न्याय प्रणाली भित्र संविधानको अन्तिम व्याख्याताका रुपमा संबैधानिक ईजलासको व्यवस्था गरिएको हो । नेपालको वर्तमान संविधान अनुसार नेपालको सर्वोच्च अदालतमा एक संवैधानिक ईजलास रहने र त्यस्तो ईजलासमा प्रधान न्यायाधिश र न्याय परिषदको सिफारिशमा प्रधान न्यायाधिशले तोकेका सर्वोच्च अदालतका अन्य चार जना न्यायाधिशहरु रहने व्यवस्था गरिएको छ । यस अघिका संविधानमा सर्बोच्च अदालतमा रहने न्यायाधिशहरुको बारेमा उल्लेख भए पनि संवैधानिक ईजलासको व्यवस्था थिएन ।

नेपालको वर्तमान संविधान (२०७२) ले संबैधानिक विवादको समाधानका लागि अलग संबैधानिक अदालतको विकल्पमा सर्वोच्च अदालत भित्रै एक अलग संबैधानिक ईजलासको व्यवस्था गरेको छ । जुन नेपालको विगतको अभ्यास भन्दा नितान्त भिन्न हो । बर्तमान संविधानले संवैधानिक बाहेहका अन्य ईजलासहरुको गठन तथा संचालनको बारेमा केही बोलेको छैन । बरु सर्बोच्च अदालत नियमावलीले यस सम्बन्धमा एकल, संयुक्त, पुर्ण र वृहत ईजलासहरु रहने व्यवस्था गरेको देखिन्छ ।

---

✍ सहायक स्तर पाँचौं, प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश

संबैधानिक ईजलास सैवैधानिक विवादहरुको निरोपण गर्नकालागि संविधानले नै स्पष्ट कार्यदिश दिएको अलग अदालत नभई सर्बोच्च अदालत भित्रैको एक ईजलास मात्र हो । तर सर्बोच्च अदालत भित्र रहने अन्य ईजलास भन्दा यो ईजलास गठन, काम कर्तव्य र अधिकार र कार्य प्रणालीका आधारमा भिन्न रहेको छ ।

नयाँ संविधान निर्माण गर्ने क्रममा संवैधानिक अदालत गठन गर्नु पर्ने माग व्यापक उठि सो विषयमा छलफल समेत चलेको सन्दर्भमा संविधान निर्माताहरुले अलग अदालत भन्दा सर्बोच्च अदालत भित्रै एक विशिष्ट ईजलास गठन गर्नु पर्ने विषयमा सहमति भई सोही बमोजिम यो ईजलासले संबैधानिक मान्यता पाएको देखिन्छ । त्यसैले सर्बोच्च अदालतको अधिकार क्षेत्रको प्रयोग गर्ने एक विशिष्टिकृत र विशेषज्ञ इजलासको रुपमा संवैधानिक ईजलास रहेको मान्न सकिन्छ ।

**अलग संबैधानिक अदालत भन्दा संबैधानिक ईजलास नै उपयुक्त रहनुका कारणहरु**

- छुट्टै अदालत बनाउदा सरकारको खर्चमा बढोत्तरी हुन्छ ।
- अलग्गै अदालत भएमा काममा दोहोरोपना तथा जटिलता आउने हुन्छ ।
- कानूनको व्याख्या गर्ने अन्तिम अदालतको मान्यतामा गिरावट आउँदछ ।
- सर्बोच्च अदालतको भुमिकामा प्रभाव पर्ने हुन्छ ।
- सर्बोच्च अदालत र सैबैधानिक अदालतको सर्बोच्चताको विषयमा द्वन्द्ध बढ्न सक्ने छ ।
- एकात्मक, केन्द्रिकृत र सर्वसुलव न्याय प्रणालीमा जटिलता आउने ।

**संबैधानिक ईजलासको गठन सम्बन्धी व्यवस्था :-**

नेपालको संविधानको धारा १३७ मा यस ईजलासको गठन सम्बन्धी व्यवस्था गरिएको छ । जसमा यस ईजलासमा प्रधान न्यायाधिश र अन्य चार जना न्यायाधिशहरु समेत जम्मा ५ जना न्यायाधिश रहने व्यवस्था छ । अन्य न्यायाधिशहरु न्याय परिषदको सिफारिशमा प्रधान न्यायाधिशले तोक्ने व्यवस्था छ । सर्बोच्च अदालत (संबैधानिक ईजलास संचालन) नियमावली, २०७२ मिति २०७२ मंसिर २२ मा पारित भए पश्चात पहिलो संबैधानिक ईजलास गठन भएको हो ।

**संवैधानिक ईजलासको अधिकार क्षेत्र :-**

नेपालको संविधानको धारा १३७ को उपधारा २ मा संबैधानिक ईजलासको अधिकार क्षेत्रको बारेमा व्यवस्था गरिएको छ । जस अनुसार यस ईजलासको अधिकार क्षेत्र निम्न बमोजिम रहेको छ :

क) संघ, प्रदेश र स्थानीय तहको कानूनको संवैधानिकता परीक्षण गर्ने, यस अन्तर्गत :

- संविधानमा ग्यारेन्टी गरिएका मौलिक अधिकार उपर बन्देज लगाउने वा अन्य कारणले संविधानसंग बाझिएका कानून खारेज गर्ने
- प्रदेशले बनाएको कानून संघीय संसदले बनाएको कानून वा संविधानसंग बाझिएमा खारेज गर्ने
- स्थानीय तहले बनाएको कानून प्रदेशले बनाएको कानून वा संघीय कानून वा संविधानसंग वाझिएमा त्यस्तो कानून खारेज गर्ने

ख) संघीय तहहरुबिच अधिकार क्षेत्रको प्रयोग सम्बन्धी विवादको निरुपण गर्ने

- संघीय ईकाईहरुको बिचमा उत्पन्न भएका विवादको शुरु कारवाही र किनारा गर्ने अधिकार

ग) निर्बाचन तथा सांसद  र प्रदेश सभा सदस्यको अयोग्यता सम्बन्धी विवादको निरुपण गर्ने

घ) प्रधान न्यायाधिशले तोकेको मुद्दाहरु

- सर्बोच्चमा विचाराधिन कुनै मुद्दा गम्भिर संबैधानिक प्रश्न समाबेश भएमा प्रधान न्यायाधिशले संबैधानिक ईजलासबाट हेर्ने गरी तोक्न सक्ने व्यवस्था छ ।
- सर्बोच्च अदालतको विशेष ईजलासमा रहेका मुद्दा संबैधानिक ईजलासबाट हेर्ने व्यवस्था छ ।

**संवैधानिक ईजलासको अधिकार क्षेत्रको प्रयोग सम्बन्धी व्यवस्थाहरु निम्न बमोजिम छन्ः**

- प्रधान न्यायाधिश सहित सबै न्यायाधिशले सामुहिक रुपमा अधिकार क्षेत्रको प्रयोग गर्ने
- ईजलासको आदेश वा फैसला उपर कुनै न्यायाधिशले आफ्नो छुट्टै राय लेख्न पाउने
- आदेश वा फैसलामा एकमत नभएमा बहुमतबाट निर्णय गरिने
- संबैधानिक ईजलासको निर्णय अन्तिम हुने
- प्रारम्भिक सुनुवाई गर्न पनि पाचै जना न्यायाधिश उपस्थित हुनु पर्ने

**संवैधानिक ईजलासमा देखिएका समस्याहरु**

- लामो समयसम्म ईजलास गठन हुन नसक्नु
- ईजलासले पुर्णता पाउन धेरै समय लाग्ने गरेको

- ईजलास गठन जस्तो कार्यविधिगत पक्ष पनि संविधान मै उल्लेख भएको हुनाले गठन र संचालनमा समस्याहरु देखिएको ।
- पाचै जना न्यायाधिशहरुको उपस्थितिमा मात्र सुनुवाई गरिने व्यवस्थाले गर्दा कुनै एक जना न्यायाधिशको अनुपस्थितिले पनि सुनुवाई प्रभावित हुने
- कुनै एक जना न्यायाधिशले मुद्धा हेर्न नमिल्ने भएमा के गर्ने भन्ने अन्यौलता कायमै छ ।
- प्रधान न्यायाधिश रिक्त हुँदा वा परिवर्तन हुदा ईजलास पुनर्गठन गर्नु पर्ने
- स्थानीय तहले बनाएका कानूनको संवैधानिकता परीक्षण गर्न पनि काठमाण्डौको एउटै ईजलासमा आउनु पर्ने भएकाले न्यायिक विकेन्द्रिकरण भएन ।
- धेरै मुद्धा भएकाले न्युन जनशक्तिले कार्य सम्पादनमा अवरोध आउन सक्ने संभावना छ ।

**निश्कर्ष :-**

संविधानको व्याख्या गर्नकालागि हरेक लोकतान्त्रिक मुलुकका संविधानमा स्वतन्त्र र सक्षम न्याय प्रणालीको व्यवस्था गरिएको हुन्छ । शक्ति पृथकिकरण र सन्तुलनको सिद्धान्तले पनि कानूनको व्याख्या गर्नका लागि स्वतन्त्र र सक्षम न्यायपालिकाको आवश्यकता महशुस गर्दछ । नेपालको नया संविधानले पनि लोकतन्त्रका आधारभुत मान्यता र शक्ति पृथकिकरणको सिद्धान्त बमोजिम स्वतन्त्र र सक्षम न्याय पालिकाको व्यवस्था गरेको छ । संविधानको व्याख्या गर्नकालागि सर्बोच्च अदालत भित्र अलग्गै एक ईजलासको व्यवस्था गरिएको छ जसलाई संवैधानिक ईजलास भनिएको छ । यस ईजलासको गठन भई कार्य संचालन समेत भई सकेको छ । यस ईजलासको प्रभावकारिताका लागि जनशक्तिको व्यवस्था र कार्यविधिगत व्यवस्था गर्न जरुरी छ ।

**सन्दर्भ सामग्री :-**

नेपालको संविधान

सर्बोच्च अदालत (संबैधानिक ईजलास सञ्चालन) नियमावली, २०७२